# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, भदौ १ गते, २०७७ साल (संख्या १४

## भाग ३

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०४।०१ को निर्णयानुसार "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि**

**<u>प्रस्तावनाः</u>** प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५ प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u>** : (१) यस कार्यविधीको नाम "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**मूल कार्यविधि**" भन्नाले "प्रदेश राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५" सम्झनुपर्छ।

३. **<u>मूल कार्यविधिको दफा ४ को उपदफा (१) मा संशोधनः</u>** मूल कार्यविधिको दफा ४ को उपदफा (१) मा "आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिव" को सट्टा "प्रदेशको कानून सचिव" भन्ने शब्दहरू थपिएको छ।

४. **<u>मूल कार्यविधिको दफा ५ को उपदफा (१) मा संशोधनः</u>** मूल कार्यविधिको दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा राखिएको छ-,

(१) प्रदेश राजपत्र प्रकाशन गर्दा नियमित रूपमा प्रकाशन हुनेछ।

५. **<u>मूल कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड (ख) मा संशोधनः</u>** मूल कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ-,

(ख) जुन निकाय वा अधिकारीको निर्णय बमोजिमको सूचना प्रकाशन गरिने हो सो निकाय वा अधिकारीले अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने भनि निर्णय गरेको मिति कायम गरी।

४. **मूल कार्यविधिको अनुसूची-१ मा संशोधनः** मूल कार्यविधिको अनुसूचि-१ को सट्टा देहायको अनुसूचि-१ राखिएको छ-

अनुसूचि-१

प्रदेश राजपत्रको ढाँचा

**प्रदेश राजपत्र**

**प्रदेश नं. ५ प्रदेश सरकारद्वारा प्रकाशित**

खण्ड ..) बुटवल, रूपन्देही, महिना ... गते, ... साल (संख्या .../अतिरिक्ताङ्क ...

**भाग १,२ र ३**

**............ प्रदेश सरकार**

**............. मन्त्रालयको सूचना**

**आज्ञाले,**
**नाम**
**पद**

५. **<u>मूल कार्यविधिको अनुसूची-२ मा संशोधनः</u>** मूल कार्यविधिको अनुसूचि-२ मा खण्ड १. को सट्टा देहायको खण्ड १. राखिएको छ-,

१. प्रदेश राजपत्रको कागजको साइजः A-5 (लम्बाई ८.२७ र चौडाई ५.८३ इन्च)।

**आज्ञाले,**
**रविलाल पन्थ**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय